# नेपाल पत्रकार महासंघ
# Federation of Nepali Journalists (FNJ)
केन्द्रीय समिति,सञ्चारग्राम, काठमाडौं, नेपाल


मिति : २०७९।१०।१९

## अपिल

**नेपाल पत्रकार महासंघको नयाँ सदस्यता र सदस्य नवीकरणसहित महासंघको सदस्यताशुद्धीकरणको प्रयोजनका लागि २०७९ पुस ८ र ९ गते सुर्खेतमा सम्पन्न केन्द्रीयसाधारणसभाबाट महासचिवको नेतृत्वमा गठित शुद्धीकरण समितिको अपिल**

नेपाल पत्रकार महासंघको २०७९ पुस ८ र ९ गते कर्णाली प्रदेशको राजधानी सुर्खेतमा सम्पन्न केन्द्रीय साधारणसभाबाट महासंघका महासचिव रोसन पुरीको संयोजकत्वमा पूर्वमहाचिव उजिर मगर र पूर्वसचिवद्वय रामप्रसाद दाहाल र धर्मेन्द्र कर्ण सदस्य रहेको 'सदस्यता शुद्धीकरण समिति' निर्माण भएको अवगत नै छ। सो समितिको बैठकले बसी निम्नअनुसार गर्ने निर्णय गरेकोले सम्बन्धित सबैमा यो अपिल गरिन्छ।

कर्णाली प्रदेशको राजधानी सुर्खेतमा सम्पन्न साधारणसभाबाट गठित सदस्यता शुद्धीकरण समितिले साधारण सभाबाट प्राप्त कार्यादेश बमोजिम कार्य अगाडि बढाएको छ।

समितिको बैठकहरूबाट "सदस्यता शुद्धीकरण अभियान २०७९" थालनी गर्ने निर्णय भए बमोजिम महासंघका सम्पूर्ण सदस्यहरू र सबै शाखाहरू, एसोसियट संस्थाहरू र वैदेशिक शाखाहरूलाई शुद्धीकरण अभियानमा साथ दिन यो आह्वान गरिएको छ।

समितिले महासंघमा आवद्ध सबै सदस्यहरूको अद्यावधिक विवरण संकलन गरी छानबिन गरेरमात्रै सदस्यता नवीकरण, स्थानान्तरण र नयाँ सदस्यताको प्रक्रियालाई अगाडि बढाउने नीति तय गरेको छ।

अतः पत्रकारितामा नरहेका तर महासंघको सदस्यता कायम भएका सबैमा स्वेच्छिक रूपमा अबिलम्ब सदस्यता त्याग गर्न अपील गरिन्छ।

अन्यथा समितिले तयार पारेको सदस्यता शुद्धीकरण मापदण्ड मस्यौदाामाथि शाखा, एशोसिएट, प्रदेश र केन्द्रीय समितिसँग आवश्यक परामर्शपछि अन्तिम रुप दिई कडाईका साथ लागू गरिने र त्यसक्रममा विभिन्न कारणले हाल पत्रकारितामा नरहेका तर महासंघको सदस्य कायम रहेकाहरूले स्वेच्छिक रूपमा सदस्यता त्याग गरेको नपाईए प्रकृयागत रूपमै सदस्यताको सूचीबाट हटाइनेतर्फ सचेत गराइन्छ।

रोसन पुरी
महासचिव


Headquarters, Media Village, Kathmandu, Nepal
Phone : +977-1-4112763/4112673, Fax: +977-1-4112785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org